आज मिति २०७७।१०।१६ गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी वस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।१०।१६

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) सहिदहरु प्रति श्रद्धाञ्जलि अर्पण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.११ बाट "भित्रिकोटी युवा समाज" लाई मौलिक पञ्चेबाजा उपलब्ध गराउन माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.३) श्री बलेंसी साहित्य समाज नेपाल, झापाबाट प्रदेश नं. २ स्तरीय सम्मलेलनको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) श्री श्रीनाथ गण, नेपाली सेना, धनुषाबाट गणमा कार्यरत सकलदर्जाको बासस्थान मर्मत गर्न सिमेन्ट सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा वडा नं.६ मा बाबा मधुकर मन्दिर निर्माण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा वडा नं.११ बाट २०७६ साल जेठ र आषाढ महिनामा हात्तिले अन्नवाली नोक्सान गरेको हुंदा प्रभावित परिवारहरुलाई रहत उपलब्ध गरउन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) विपद व्यवस्थापन कोषबाट सितलहरु सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८) यस न.पा.कार्यालयबाट माग भए बमोजिम १५ कोठे कोभिड अस्पताल र व्यवसायीक भवन निर्माण गर्न आवश्यक विस्तृत परियोजना प्रतिवेदन DPR तयार गर्न परामर्श सेवादाताहरुबाट पेश भएका प्रस्तावहरुको मूल्यांकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९) पिछडा वर्ग (OBC) महासभा केन्द्रीय कार्यालय जनकपुरधामबाट आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.५ निवासी श्री जयराम महतो कोइरीले स्वास्थ्य अवस्था कमजोर भै हिडडुल गर्न नसकेको भनी आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा. वडा नं.४ मा मधुवासा मन्दिर निर्माण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) अनुप जनकपुर मिडिया प्रडक्शन हाउस प्रा.लि.बाट कार्यालय भवन निर्माण गर्नको लागि जग्गा उपलब्ध गराउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१३) यस न.पा. भित्र सञ्चालनमा रहेका विद्यालयहरुको व्यवस्थापन गर्न कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

०७७।१०।१६

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा देश र जनताको सार्वभौमसत्ता र अधिकार रक्षाको लागि आफ्नो प्राणको बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुको सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ को च.नं.६९१ मिति २०७७।१०।०६ को पत्रबाट त्यस वडाको तल्लो तुलसीमा गठित भित्रिकोटी सुवा समाजले लोप हुन लागेको नेपाली मौलिक पञ्चेबाजा खरिद र व्यवस्थापन गरि राष्ट्रिय मौलिक लोक बाजा संरसक्षणमा टेवा पुऱ्याउन आर्थिक सहयोग माग भएकोमा खरिद गर्नुपर्ने पञ्चेबाजाको विवरण तथा अनुमानित लागतको विवरण उपलब्ध गराउन पत्राचार गर्ने र सोही आधारमा पुनः आगामी कार्यपालिकाको बैठकबाट आवश्यक निश्कर्षमा पुग्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा श्री बलेंसी साहित्य समाज नेपाल, झापाको च.नं.०२ मिति २०७७।१०।०७ को पत्रबाट डा.राजेन्द्र विमल साहित्य एकेडेमी, धनुषा र बलेंसी साहित्य समाज नेपाल, झापाको संयुक्त आयोजनामा हुन गईरहेको प्रदेश नं.२ स्तरीय प्रथम संयुक्त ऐतिहासिक बहुभाषिक साहित्य सम्मेलन सञ्चालन एवं सम्पन्न गर्ने प्रयोजनको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि भाषा कला साहित्य र संस्कृति प्रर्वद्धन शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा नेपाली सेना श्री श्रीनाथ गण, धनुषाको च.नं.३५ मिति २०७७।१०।१३ को पत्रबाट उक्त गणकामा कार्यरत रहेको सकलदर्जाको बासस्थान मर्मत तथा निर्माण कार्यको लागि सिमेन्ट सहयोग माग भएको हुंदा उक्त गणलाई सार्वजनिक सम्पत्तिको मर्मत संभार शिर्षकबाट खर्च लेख्ने गरी ४० (चालीस) बोरा सिमेन्ट सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा वडा नं.६ मा रहेको वालडारा पोखरी नजिक बाबा मधुकर मन्दिर निर्माण गर्न आर्थिक सहयोग माग भएकोमा उक्त मन्दिर निर्माण गर्न मठ/मन्दिर/गुम्वा/चर्च/मस्जिदको भौतिक पूर्वाधार निर्माण शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा वडा नं.११ को च.नं.९९२ मिति २०७६।०३।१६ को पत्रबाट २०७६ साल जेठ र आषाढ महिनामा हात्तिले अन्नवाली नोक्सान गरेको हुंदा प्रभावित ७ (सात) जना व्यक्तिहरुलाई रहत उपलब्ध गराउन माग भएकोमा उक्त प्रभावित व्यक्तिहरुलाई रु.५,०००।- का दरले जम्मा रु.३५,०००।- (पैंतीस हजार मात्र) सम्बन्धित वडा कार्यालयको विपद व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने निर्णय पारित गरियो ।

077/10/16

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा स्थानीय विपद व्यवस्थापन समितिको मिति २०७७।१०।०७ को बैठकबाट यस न.पा. क्षेत्रका विपन्न परिवारहरुलाई सितलहरको प्रभावबाट बचाउन सिरक (Blanket) वितरण गर्ने निर्णय भए बमोजिम प्रत्येक वडा कार्यालयहरुलाई निम्नानुसारको रकम नगर विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी उपलब्ध गराउने गराउने निर्णय पारित गरियो ।

वडा नं. १ मा सिरक वितरण भैसकको
वडा नं. २ को लागि रु. एक लाख मात्र
वडा नं. ३ को लागि रु. एक लाख पचास मात्र
वडा नं. ४ को लागि रु. एक लाख पचास मात्र
वडा नं. ५ मा सिरक वितरण भैसकको
वडा नं. ६ को लागि रु. एक लाख मात्र
वडा नं. ७ मा सिरक वितरण भैसकको
वडा नं. ८ को लागि रु. एक लाख पच्चीस हजार मात्र
वडा नं. ९ को लागि रु. एक लाख पचास हजार मात्र
वडा नं. १० को लागि रु. एक लाख मात्र
वडा नं. ११ को लागि रु. एक लाख पच्चीस मात्र

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा यस न.पा.कार्यालयबाट मिति २०७७।०८।३० मा विज्ञापन नं.MM/CONS/02/2077/078 र MM/CONS/03/2077/078 को सूचना प्रकाशन गरी प्रस्ताव माग भए बमोजिम १५ कोठे कोभिड अस्पताल र व्यवसायीक भवन निर्माण गर्न आवश्यक विस्तृत परियोजना प्रतिवेदन DPR तयार गर्न परामर्श सेवादाताहरुबाट पेश भएका प्रस्तावहरुको गुणस्तर र लागत विधिबाट मूल्यांकन हुने गरी Request for Proposal (RFP) स्वीकृत भएतापनि उक्त प्रस्तावहरु मुल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८१ को उपदफा ४ बमोजिम न्यून लागत विधि अपनाई सोही बमोजिम प्रस्ताव छनौट गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा पिछडा वर्ग (OBC) महासभा केन्द्रीय कार्यालय जनकपुरधामको च.नं.४५ मिति २०७७।०९।१९ को पत्रबाट उक्त बाट (OBC) को महासभा मिति २०७७।१०,११ र १२ गते महाधिवेशन हुने भएकोले आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लीग पिछडा वर्गको लागि कार्यक्रम शिर्षकबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय परित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.५ को च.नं.९३१ मिति २०७७।१०।१६ बाट उक्त वडामा बस्ने श्री राम दियाल महतो कोइरीको छोरा श्री जयराम महतो कोइरीले हाडजोर्नीको समस्याले गर्दा स्वास्थ्य अवस्था कमजोर भै हिडडुल गर्न नसकेको र निजको आर्थिक अवस्था अति नै कमजोर भएकोले उपचार गर्नको लागि आर्थिक सहयोग माग भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

०७७/१०/१६

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ मा मधुवासा मन्दिर निर्माण कार्य सम्पन्न गर्न मठ/मन्दिर/गुम्वा/चर्च/मस्जिदको भौतिक पूर्वाधार निर्माण शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं १२) प्रस्ताव नं.१२ मा छलफल गर्दा अनुप जनकपुर मिडिया प्रडक्शन हाउस प्रा.लि.को मिति २०७७।१०।१५ को पत्रबाट मिडिया र रङ्गमञ्चलाई संगै जोडि टेलिभिजन स्थापना गर्ने प्रयोजनको लागि कार्यालय भवन निर्माण गर्न जग्गा उपलब्ध गराउन अनुरोध भएकोमा उक्त प्रडक्शन हाउसलाई कार्यालय स्थापन गर्न सुखजोर खोलादेखि पश्चिमतर्फ ऐलानी जग्गामा एक कट्ठा जग्गा उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं १३) प्रस्ताव नं.१३ मा छलफल गर्दा यस न.पा. भित्र सञ्चालनमा रहेका विद्यालयहरुको व्यवस्थापन गर्न "विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७७" लागु गर्ने निर्णय पारित गरियो ।

०७७।१०।१६